धनगढी उपमहानगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

प. सं.:- २०८१।०८२

चं. नं. :- २९५०

धनगढी, कैलाली

सुदुरपश्चिम प्रदेश, नेपाल

website : dhangadhimun.gov.np


मितिः२०८१।८।५

**विषयः१५ औं राष्ट्रपति रनिङ शिल्डका लागि खेलाडीको विवरण पठाउने बारे।**

श्री सामुदायिक र संस्थागत विद्यालयहरु सबै,

धनगढी उपमहानगरपालिका,धनगढी, कैलाली।

प्रस्तुत सम्बन्धमा शैक्षिक सत्र २०८१ को नगर स्तरीय १५औं राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन गरी जिल्लामा खेलाडी पठाउनु पर्ने भएकाले तहाँ विद्यालयको माध्यमिक तह (कक्षा ९-१२) मा अध्ययनरत १८ वर्ष मुनिका खेलाडी विद्यार्थीहरुलाई देहायका प्रतियोगितामा सहभागी गराउन यसै साथ संलग्न फाराम भरी मिति २०८१।८।१४ गते कार्यालय समयभित्र खेलकुद शिक्षक मार्फत शिक्षा, युवा तथा खेलकुद महाशाखामा पठाउने व्यवस्था गर्न हुन सम्बन्धित सबै विद्यालयहरुको जानकारीका लागि यो सुचना प्रकाशित गरिएको छ।

नरेन्द्र बहादुर खाती

प्रमुख प्रशासकीय अधिकृत

**नरेन्द्र बहादुर खाती**

**प्रमुख प्रशासकीय अधिकृत**

**सञ्चालन हुने प्रतियोगिताहरुः**

१. **भलिवलः** छात्र/छात्रा

२. **कबड्डीः** (छात्र/छात्रा)छात्र ७० के. जी.मुनी र छात्रा ६५ के. जी. मुनी)

३. **एथ्लेटिक्सः**

**क) दौड (ट्रयाक) तर्फः**

छात्रः१००मिटर,२००मिटर, ४००मिटर, ८००मिटर, १५००मिटर र ३०००मिटर, ४×१००मिटर र रिले ४×४०० मिटर रिले

छात्राः १००मिटर, २००मिटर, ४००मिटर, ८००मिटर, १५००मिटर र ३०००मिटर, ४×१००मिटर र रिले ४×४०० मिटर रिले

**ख) उफ्रने फ्याक्ने (फिल्ड) तर्फः**

छात्रःहाईजम्प लङजम्प, ट्रिपलजम्प, ज्याभलिङ थ्रो र ८०० ग्राम सटफुट १२ पाउन्ड

छात्राःहाईजम्प लङजम्प, ट्रिपलजम्प, ज्याभलिङ थ्रो र ६०० ग्राम सटफुट ८ पाउन्ड

४. **मार्सल आर्टः**

**क) कराँते (सितारियो)**

छात्रःU-४२ के जी, U-४७ केजी, U- ५२केजी, काता एकल

छात्राःU-४२ के जी, U-४७ केजी, U- ५२केजी, काता एकल

# धनगढी उपमहानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

धनगढी, कैलाली
सुदुरपश्चिम प्रदेश, नेपाल
website : dhangadhimun.gov.np

प. सं.:- २०८१।०८२
चं. नं. :-

**ख) तेक्वान्दोः**

छात्रः U-४५ के.जी., U- ४८ के.जी., U- ५१ के.जी., काता एकल

छात्राः U-४५ के.जी., U-४८ के.जी., U- ५१ के.जी., काता एकल

**ग) उसुः**

छात्रः Chang Quan, Nan Quan and Taiji Quan

छात्राः Chang Quan, Nan Quan and Taiji Quan

**<u>प्रतियोगितामा सहभागी हुनेहरुका लागि थप जानकारी तथा खेल अवधिभर पालना गर्नु पर्ने नियमहरुः</u>**

१. सहभागी हुने खेलाडी कक्षा ९ देखी १२ सम्म नियमित रुपमा सम्बन्धित विद्यालयमा अध्ययनरत हुनुपर्ने छ।

२. प्रतियोगितामा सहभागी हुन आउने विद्यार्थीको विवरण IEMIS मा अपलोड भएको हुनु पर्नेछ।

३.कार्यालयबाट उपलब्ध गराएको फाराम भरी विद्यालयको प्र.अ. बाट अनिवार्य रुपमा प्रमाणित गरी सम्बन्धित खेलाडीको जन्मदर्ता समेत पेश गर्नु पर्नेछ।

४. खेलाडीका लागि खाना/खाजा/यातायात /पोशाक/सुरक्षा / कुनै चोटपटक लागेमा औषधी उपचार लगायतको सम्पूर्ण जिम्मेवारी सम्बन्धित विद्यालयको हुनेछ ।त्यसैले खेल अवधिभर खेल शिक्षक खेल मैदानमै खेलाडीहरुसंग बस्नु पर्नेछ।

५. विद्यार्थीहरुलाई सम्बन्धित विद्यालयले उच्च अनुशासनमा राख्नु पर्नेछ। खेल मैदानमा खेलाडीहरुले खेलको नियम उल्लङ्घन गरेमा आबद्ध संयोजक वा समितिले आवश्यक कारवाही गर्नेछ।

६. प्रतियोगितामा सहभागी हुने खेलाडीले एक विधामा (भलिबल वा कबड्डी वा एथ्लेटिक्स वा मार्सल आर्टमा) मात्र सहभागी हुन पाउनेछ।

७. भलिबल र कबड्डीका खेलका लागि प्रति विद्यालय ९/९ जना खेलाडी पठाउनु पर्नेछ। १ फिल्ड २ ट्र्याक मा खेलाडीले भाग लिन पाउनेछ। रिलेमा (Relay Free) जसले पनि भाग लिन पाउनेछ।

८. खेल अवधिमा खेलाडीले अनैतिक व्यवहार गरी खेलमा अवरोध गरेमा सम्बन्धित विद्यालयले आफ्ना विद्यार्थीको जिम्मा लिनु पर्नेछ।

९. तोकिएको समयभित्र विवरण नआएको खेलाडीलाई खेलमा सहभागी गराइने छैन।

१०.प्रतियोगिताका उत्कृष्ट खेलाडीलाई छनौट गरी नगरको टिम बनाइ जिल्ला स्तरको प्रतियोगितामा सहभागी गराइनेछ।

नरेन्द्र बहादुर खाती
प्रमुख प्रशासकीय अधिकृत

## प्रतियोगितामा सहभागी हुन भर्नुपर्ने फारमको नमुना

| फोटो |
| --- |

१) सहभागी विद्यार्थीको नाम :

२) विद्यालयको नाम/ठेगाना :

३) अध्ययनरत कक्षा :

४) जन्म मिति :

५) सहभागी हुने खेल : १ ............ २.................. ३. ..............................

६) सहभागी हुने विद्यार्थीको हस्ताक्षर :

उल्लिखित व्यहोरा ठिक साँचो हो भनि प्रमाणित गर्ने,

| विद्यालयबाट छनौट भएमा | स्थानीय तहबाट छनौट भएमा | जिल्लाबाट छनौट भएमा | प्रदेशबाट छनौट भ |
| --- | --- | --- | --- |
| प्रधानाध्यापकको | व्यवस्थापन तथा निर्देशन समितिको संयोजक वा सदस्य सचिव | जिल्ला खेलकुद विकास समितिको कार्यालय प्रमुखको | प्रदेश खेलकुद विक समितिको कार्याल प्रमुखको |
| नाम : | नाम : | नाम : | नाम : |
| हस्ताक्षर | हस्ताक्षर : | हस्ताक्षर : | हस्ताक्षर : |
| मिति : | मिति : | मिति : | मिति : |
| मोबाइल/फोन नं. : | मोबाइल/फोन नं. : | मोबाइल/फोन, नं. : | मोबाइल/फोन न. : |
| विद्यालयको छाप : | कार्यालयको छाप : | कार्यालयको छाप : | कार्यालयको छाप |

नरेन्द्र बहादुर खाती
उपसचिव